# सार्वजनिक खरिद व्यवस्थापन

# सार्वजनिक खरिद

- राज्यले संकलन गरेको राजश्वबाट सार्वजनिक निकायले गरिने खरिद कार्य

# व्यक्तिगत खरिद

- कुनै खास कार्यविधि नहुने
- मुख्यत आफ्नो फाईदालाई मात्र हेरिने

# सार्वजनिक खरिद

- निश्चित कार्यविधिको प्रयोग
- पारदर्शिता, इमान्दारिता, जवाफदेहिता, विश्वसनियता, मितव्ययीताको आधारमा सुशासनको प्रत्याभूति

- प्रतिस्पर्धाको अभिबृद्धि
- भेदभावरहित अवसरको सिर्जना
- भ्रष्टाचाररहित अवस्थाको सिर्जना
- सार्वजनिक खर्चको अधिकतम प्रतिफल प्राप्ति

# विश्वमा प्रचलित खरिद मोडेलहरू

- विश्व व्यापार संगठनको सरकारी खरिद सम्बन्धी सम्झौता (WTO, Government Procurement Agreement)
- संयुक्त राष्ट्रसंघीय व्यापार सम्बन्धी कानून (UNCITRAL)
  (United Nations Commission on International Trade Law)

- विश्व बैंकको खरिद मार्गदर्शन
- एशियाली विकास बैंकको खरिद मार्गदर्शन
- यूरोपियन युनियनको खरिद नियमावली

# नेपालमा

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४

# खरिद

- मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा निर्माण कार्य गर्ने वा गराउने

- मालसामान: चल वा अचल, सजीव वा निर्जीव जुनसुकै किसिमको वस्तु
- परामर्श सेवा: बौद्धिक वा पेशागत सेवा
- अन्य सेवा: सवारी साधन, उपकरण वा मालसामान भाडामा लिने, ढुवानी गर्ने वा मालसामान मर्मत सम्भार गर्ने कार्य
- निर्माण कार्य: कुनै संरचनाको निर्माण कार्य

# खरिद कार्यको जिम्मेवारी

- खरिद महाशाखा, शाखा वा इकाईको स्थापना
  - सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यता भएको र खरिद कार्य सम्बन्धी ज्ञान भएको वा तालिम प्राप्त कर्मचारी
  - खरिद योजना / गुरु योजना तयार गर्ने, बोलपत्र/प्रस्ताव/सम्झौता सम्बन्धी कागजात तयार गर्ने, सूचना प्रकाशन गर्ने

– प्राप्त बोलपत्र/प्रस्ताव मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा पेश गर्ने, मूल्याङ्कित बोलपत्र/प्रस्ताव स्वीकृतिको लागि पेश गर्ने, स्वीकृतिको सूचना दिने, कार्यसम्पादन जमानत लिने तथा सम्बन्धित सबै कागजपत्रहरू सुरक्षित तरिकाले राख्ने

– गुणस्तर परीक्षण गर्ने गराउने

- –खरिद माग संकलन गर्ने तथा स्वीकृतिका लागि पेश गर्ने
- –खरिद कारवाहीसंग सम्बन्धित काममा समन्वय गर्ने
- –सार्वजनिक खरिद अनुगमन कार्यालयले माग गरेको जानकारी र कागजात उपलब्ध गराउने

# मूल्याङ्कन समितिको गठन

- सार्वजनिक निकायका प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत (सम्भव भएसम्म प्राविधिक कर्मचारी) - अध्यक्ष
- आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
- विषयसंग सम्बन्धित प्राविधिक विशेषज्ञ (सम्भव भएसम्म अधिकृतस्तर) - सदस्य
- कानून अधिकृत (भएमा) - सदस्य
- खरिद इकाई प्रमुख - सदस्य-सचिव


सार्वजनिक खरिद चक्र
माग संकलन
खरिद योजना
सूचना प्रकाशन
मौजूदा सूची
बोलपत्र/दरभाउपत्र बिक्री
बोलपत्र पूर्वको बैठक
बोलपत्र/दरभाउपत्र खोल्ने
बोलपत्र/दरभाउपत्र मूल्याङ्कन
स्वीकृतीको आशयको सूचना
बोलपत्र/दरभाउपत्र स्वीकृति
खरिद सम्झौता
सम्झौता कार्यान्वयन

# मालसामान खरिदको लागि खरिद माग प्राप्त गर्नु पर्ने

- मालसामानको प्रकार, गुणस्तर, परिमाण सम्बन्धी विवरण
- मालसामान आवश्यक पर्ने समय
- खरिदको अनुमानित मूल्य
- मूल्य व्यहोरिने स्रोत

# खरिद कार्यको विवरण तयार गर्नु पर्ने

- खरिद गर्ने कार्यको प्रकृति अनुसार स्पेसिफिकेशन, नक्सा, डिजाइन वा विशेष आवश्यकता सम्बन्धी विवरण
- विवरण तयार गर्दा कुनै खास ब्राण्ड, ट्रेडमार्क, नाम, प्रकार, उत्पत्ति वा उत्पादकको नाम उल्लेख गर्न नपाइने तर उल्लेख नगरी नहुने अवस्थामा त्यस्तो विवरण उल्लेख गरी “सो सरह” भन्ने शब्दहरू राख्न सकिने

# लागत अनुमान तयार गर्नु पर्ने

- सबै खरिद कार्यका लागि लागत अनुमान अनिवार्य गरिएको
- खरिद नभएमा पनि प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्ने
- एकलाख रुपैयांसम्मको खरिद गर्न लागत अनुमान गर्नु पर्ने छैन

# खरिद योजना तयार गर्नु पर्ने

- वार्षिक खरिद योजना (Annual Procurement Plan)
- वार्षिक दश लाखभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा
- खरिद गुरु योजना (Master Procurement Plan)
- एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा वार्षिक दश करोडभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा

# मौजूदा सूची तयार गर्नु पर्ने

- आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकको योग्यता
- मौजूदा सूचीको वर्गीकरण
- मौजूदा सूची अद्यावधिक गर्ने कार्यविधि
- मौजूदा सूची मान्य रहने अवधि

# खरिद विधि

## १. अन्तर्राष्ट्रियस्तरमा खुल्ला बोलपत्र आह्वान

**(International Competitive Bidding)**

- प्रतिस्पर्धात्मक मूल्यमा नेपालभित्रका एकभन्दा बढी निर्माण व्यवसायी वा आपूर्तिकर्ताबाट प्राप्त नहुने भएमा

- राष्ट्रियस्तरमा कुनै पनि बोलपत्र नपरी विदेशबाट प्राप्त गर्नु पर्ने भएमा
- दातृ पक्षसंग भएको सम्झौता बमोजिम वैदेशिक सहायता स्रोतबाट विदेशी मालसामान वा निर्माण कार्य खरिद गर्नु पर्ने भएमा

- विशेष तथा जटिल किसिमको मालसामान वा निर्माण कार्य भएकोले अन्तर्राष्ट्रियस्तरको बोलपत्रबाट खरिद गर्नु पर्ने भनी सार्वजनिक निकायले प्रमाणित गरेकोमा

# २. राष्ट्रियस्तरमा खुल्ला बोलपत्र आह्वान

## (National Competitive Bidding)

- बीसलाख रुपैयांभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिदमा
- पूर्व योग्यता निर्धारण गरी
- पूर्व योग्यता निर्धारण नगरी
- एक वा दुई चरणमा

- मान्य अवधि:
  - –दश करोड रुपैयांसम्मको–नब्बे दिन
  - –दश करोड रुपैयांभन्दा बढीको–एकसय बीस दिन
- बोलपत्र संसोधन वा फिर्ता गर्न पाइने

# ३. सिलबन्दी दरभाउपत्र आह्वान

## (Sealed Quotation)

- बीसलाख रुपैयांसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा खरिदमा
- पचासलाख रुपैंयासम्मको स्वास्थ्य सम्बन्धी उपकरणहरू
- तीन वटाभन्दा कम सिलबन्दी दरभाउपत्र पेश हुन आएमा वा पेश नै नभएमा सो सम्बन्धमा कुनै कुरा उल्लेख नगरी दोस्रो पटक सूचना प्रकाशन गर्नु पर्ने

- दोस्रो पटक पनि आवश्यक संख्यामा सिलबन्दी दरभाउपत्र पेश हुन नआएमा पहिले पेश भएका दरभाउपत्रमध्येबाट स्वीकृत गर्न सकिने
- दरभाउपत्र संसोधन वा फिर्ता गर्न नपाइने
- मान्य अवधि: पैंतालीस दिन

# ४. सोझै खरिद (Direct Purchase)

- पांचलाख रुपैयांसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा
- बीसलाख रुपैंयासम्मको औषधीजन्य मालसामान वा नेपालमा उत्पादित पन्ध्रलाख रुपैंयासम्मको मालसामान उत्पादकबाट
- पच्चीसलाख रुपैंयासम्मको मालसामान घरेलु उद्योगबाट

- सार्वजनिक निकायले अर्को सार्वजनिक निकायबाट खरिद
- सार्वजनिक निकायले अन्तर्राष्ट्रिय संस्था वा विदेशी मुलुकको सरकार वा त्यस्तो मुलुकको सार्वजनिक निकायबाट खरिद
- एकलाख रुपैंयाभन्दा बढी रकमको सोभै खरिद गर्दा मौजूदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गर्नु पर्ने

# ५. उपभोक्ता वा लाभग्राही समुदाय

## (Users'/ Beneficiary Committee)

- एककरोड रुपैयांसम्मको निर्माण कार्य वा सो सम्बन्धी सेवा
- सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा उपभोक्ता समिति आफैले प्रस्ताव पेश गर्न सकिने
- यस अनुसार कार्य गर्दा लोडर, एक्साभेटर रोलर, डोजर जस्ता हेभी मेशीनरीहरू प्रयोग गर्न नपाइने, अन्य कुनै निर्माण व्यवसायी वा सब कन्ट्राक्टरबाट गराउन नपाइने

# ६. अमानत (Forced Account)

- सामान्य प्रकृतिको मर्मत सम्भार, सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य
- निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एकलाख रुपैयांमा नबढाई खण्ड खण्ड गरी आवश्यक निर्माण सामग्री उपलब्ध गराई ज्यालामा गराउन सकिने
- प्राविधिक सेवा वा निर्माण सामग्रीको खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्ने

# ७. गैर सरकारी संस्था (NGOs)

- जन चेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलिकरण, मूल प्रवाहीकरण जस्ता कार्य
- मौजूदा सूचीमा समावेश भएका गैर सरकारी संस्थाहरूबाट प्रस्ताव माग गर्नु पर्ने

| खरिद विधि | रकम |
|---|---|
| सोझै खरिद<br>(Direct Purchase) | ५,००,०००/- सम्म<br>२०,००,०००/- सम्म (औषधीजन्य)<br>१५,००,०००/- सम्म (नेपालमा उत्पादित)<br>२५,००,०००/- सम्म (घरेलु उद्योग) |
| सिलबन्दी दरभाउपत्र<br>(Sealed Quotation) | २०,००,०००/- सम्म<br>५०,००,०००/- सम्म (स्वास्थ्य सम्बन्धी उपकरण) |
| राष्ट्रियस्तरको बोलपत्र<br>(National Competitive Bidding – NCB)<br>अन्तर्राष्ट्रियस्तरको बोलपत्र<br>(International Competitive Bidding – ICB) | २०,००,०००/- भन्दा बढी |

| खरिद बिधि | रकम |
| --- | --- |
| अमानत (Forced Account) | १,००,०००/- सम्म (निर्माण कार्य) |
| उपभोक्ता/लाभग्राही समुदाय (Users'/Beneficiary Committee) | १,००,००,०००/- सम्म (निर्माण कार्य) |
| विशेष परिस्थिति (Special Circumstances) | असीमित |
| मन्त्रिपरिषद्को विशेष निर्णय (Special Decision of Cabinet) | असीमित |

८. एकमुष्ट दर विधि

९.उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद विधि

१0.सीमित बोलपत्रदाता (लिमिटेड टेण्डरिङ्ग) बाट खरिद विधि

११. नयां लिने पुरानो दिने (बाई ब्याक मेथड) विधि

१२. स्वदेशी बोलपत्रदाताहरूबीच मात्र प्रतिस्पर्धाद्वारा

# ऐन बमोजिमको खरिद प्रक्रिया अपनाउनु नपर्ने अवस्था

- ऐन बमोजिमको प्रक्रिया अपनाई सुरक्षा, सामरिक वा प्रतिरक्षा सम्बन्धी खरिद गर्न राष्ट्रिय सुरक्षा वा प्रतिरक्षा सम्बन्धी दृष्टिकोणबाट उपयुक्त नहुने भनी नेपाल सरकारले निर्णय गरेमा, तर यस बमोजिम खरिद गर्न छुट्टै कार्यविधि निर्धारण गर्नु पर्ने
- नेपाल सरकार र दातृ पक्षबीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेण्ट गाइडलाइन्स) अनुरुप खरिद गर्नु परेमा